प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## डिप्लोमा/प्रमाणपत्र तहको रजिष्ट्रेशन फाराम भर्ने बारेको अत्यन्त जरुरी सूचना

(सुचना प्रकाशित मिति २०७५/०७/३०)

यस परिषद्का आंगिक, साझेदारी, सरकारी/सामुदायिक विद्यालय र निजी स्तरमा कार्यक्रम सञ्चालनको सम्बन्धन स्वीकृती पाएका शिक्षण संस्थाहरुमा डिप्लोमा तथा प्रमाण पत्र तहको शैक्षिक सत्र २०७५/७६ का लागि लिइएको प्रवेश परीक्षामा उत्तीर्ण भई भर्ना भएका विद्यार्थीहरुको रजिष्ट्रेशन फाराम २०७५ साल मङ्सिर २० गते भित्रमा नियमित शुल्कमा र २०७५ साल पुष ०६ गते भित्र विलम्ब शुल्कमा तपशिल अनुसारको प्रक्रिया पुर्‍याई परिषद्को परीक्षा नियन्त्रण कार्यालय र परिषद् अन्तर्गतका क्षेत्रीय कार्यालयहरुमा रजिष्ट्रेशन फाराम बुझाउनुहुन सम्बन्धित सम्पूर्ण शिक्षण संस्थाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको समयभित्र रजिष्ट्रेशन फाराम नबुझाएमा पछि रजिष्ट्रेशन नहुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**शर्तहरु:**

१. परीक्षा नियन्त्रण कार्यालयवाट शैक्षिक सत्र २०७५/७६ का लागि विभिन्न मितिमा लिइएको डिप्लोमा तथा प्रमाण पत्र तहको प्रवेश परीक्षामा सामेल भई डिप्लोमा तथा प्रमाण पत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका, २०७४(प्रथम संशोधन)वमोजिम भर्ना भएका विद्यार्थीहरुको मात्र रजिष्ट्रेशन फाराम भराउन पर्नेछ ।

२. परिषद्वाट स्वीकृत कोटा अनुसारको मात्र विद्यार्थी सख्या हुनुपर्नेछ ।

३. परिषद्वाट निजी स्तरमा कार्यक्रम सञ्चालनको सम्बन्धन स्वीकृती पाएका शिक्षण संस्थाहरुले रजिष्ट्रेशन शुल्क प्रति विद्यार्थी रु. २५००।- र संस्थागत विकास शुल्क रु. २०००।-बुझाउनु पर्नेछ ।

४. परिषद्का आंगिक, साझेदारी,सरकारी/सामूदायिक विद्यालय अन्तरगत संचालित शैक्षिक कार्यक्रममा अध्ययनरत विद्यार्थीहरुको हकमा रजिष्ट्रेशन शुल्क प्रति विद्यार्थी रु. ५००।- लाग्नेछ ।

५. *सम्बन्धित शिक्षण संस्थाहरुले रजिष्ट्रेशन शुल्क र संस्थागत विकास शुल्क वापतको रकम नियमित शुल्क बुझाउने अन्तिम मिति* ***२०७५ मङ्सिर २१ गते*** *तथा विलम्ब शुल्क बुझाउने अन्तिम मिति* ***२०७५ पुष ०८ गते*** *सम्म तोकिएको छ ।*

६. परिषद् कार्यालय, सानोठिमीमा रजिष्ट्रेशन फाराम वुझाउने शिक्षण संस्थाहरुले राष्ट्रिय वाणिज्य बैङ्क, सानोठिमी शाखाको खाता नं **१७३०००००११०१**, पुर्व क्षेत्र क्षेत्रीय कार्यालय इटहरीमा रजिष्ट्रेशन फाराम वुझाउँने शिक्षण संस्थाहरुले रा. बा. बैङ्क, इटहरी शाखाको च. हि. नं. **२५५०००१२७८०१,** मध्य क्षेत्र क्षेत्रीय कार्यालय, भरतपुर, चितवनमा रजिष्ट्रेशन फाराम वुझाउँने शिक्षण संस्थाहरुले रा. बा. वैङ्क, भरतपुर शाखाको च. हि. नं.**१३१०००६६७१०१,** र पश्चिम क्षेत्र क्षेत्रीय कार्यालय, कोहलपुर, बाँकेमा रजिष्ट्रेशन फाराम वुझाउँने शिक्षण संस्थाहरुले रा. बा. बैङ्क, कोहलपुर शाखाको च. हि. नं. **४२८००००९१९०१** मा रकम जम्मा गरेको भौचर साथै कार्यक्रम, विद्यार्थी संख्या र बैङ्कमा जम्मा गरेको रकम उल्लेख भएको शिक्षण संस्थाको पत्र फारामसाथ अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

७. **जेहेन्दार र वर्गिकृत छात्रवृत्ति अन्तर्गत छनौट भएका विद्यार्थीहरुको रजिष्ट्रेशन र संस्थागत विकास शुल्क लाग्ने छैन ।**

८. **रजिष्ट्रेशन फारामहरु Web based online system मा registration form entry गरी फारामहरु अंग्रेजी वर्णानुक्रम अनुसार मिलाई Plastic Coated Index File मा फाईल गरी पेश गर्नु पर्ने छ । कार्यक्रम अनुसारको रजिष्ट्रेशन समष्टिगत फारामको प्रमाणित Hard Copy (Printed Copy) समेत एक प्रति सोहि फाईलमा संलग्न हुनु**पर्नेछ ।

९. रजिष्ट्रेशन फारामसाथ प्रवेश परीक्षाको नतिजाको प्रति, शैक्षिक योग्यताको प्रमाणपत्रहरु तथा नागरिकता/जन्म दर्ताको प्रमाणपत्र र प्रवेश परीक्षाको प्रवेश पत्रको प्रतिलिपी साथै प्राविधिक एस. एल. सी. उत्तीर्ण गरेका विद्यार्थीहरुको हकमा प्राविधिक एस. एल. सी. उत्तीर्ण गरेको प्रमाणपत्र र लब्धाङ्क पत्रको प्रतिलिपी समेत अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

१०. नेपाल बाहेक अन्य देशबाट एस. एल. सी/एस. ई. ई वा सो सरहको परीक्षा उतीर्ण गर्ने विद्यार्थीहरुले ***अन्य शैक्षिक प्रमाण पत्रका साथै समकक्षता प्रमाणपत्र र माईग्रेशन प्रमाणपत्रको सक्कल प्रति*** पेश गर्नुपर्नेछ । राहदानी तथा प्रवेशाज्ञा आवश्यक पर्ने विदेशी मुलुकका परीक्षार्थीको हकमा राहदानी तथा प्रवेशाज्ञा एवं अध्ययन अनुमति पत्रको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ ।

११. कुनै सरकारी वा गैह्र सरकारी निकाय तथा संघ, संस्थामा कार्यरत रही प्रवेश परीक्षामा उत्तीर्ण भई भर्ना हुने विद्यार्थीहरुको हकमा आफुले काम गर्ने कार्यालयको विभागीय स्वीकृती पत्र पेश गर्नुपर्नेछ ।

१२. सम्बन्धित क्षेत्रका शिक्षण संस्थाहरुले निम्नानुसारका परिषद् अन्तर्गतका क्षेत्रीय कार्यालयहरुमा उक्त रजिष्ट्रेशन फाराम दर्ता गराउनुपर्नेछ ।

क. **पूर्व क्षेत्र क्षेत्रीय कार्यालय इटहरी, सुनसरी -**झापा, ईलाम, ताप्लेजुङ्ग, मोरङ्ग, सुनसरी, धनकुटा, उदयपुर, सिराहा, सप्तरी, भोजपुर, खोटाङ्ग र संखुवासभा जिल्लाहरुमा रहेका सम्पूर्ण शिक्षण संस्थाहरु ।

ख. **मध्य क्षेत्र क्षेत्रीय कार्यालय भरतपुर, चितवन**-धनुषा, महोत्तरी, सर्लाही, रौतहट, वारा, पर्सा, मकवानपुर, चितवन, गोरखा, तनहुं, लमजुंग, कास्की, स्यांगजा, वाग्लुङ्ग, म्याग्दी, नवलपरासी, रुपन्देही, पाल्पा, कपिलवस्तु र अर्घाखांची जिल्लाहरुमा रहेका सम्पूर्ण शिक्षण संस्थाहरु ।

ग. **पश्चिम क्षेत्र क्षेत्रीय कार्यालय, कोहलपुर, बाँके -**दाङ्ग, प्यूठान, सल्यान, बाँके, वर्दिया, सुर्खेत, जुम्ला, रुकुम, रोल्पा, कैलाली, कञ्चनपुर, डोटी, कालीकोट, अछाम, वझाङ्ग, डडेलधुरा, दार्चुला, वैतडी, जाजरकोट, दैलेख, वाजुरा र डोल्पा जिल्लाहरुमा रहेका सम्पूर्ण शिक्षण संस्थाहरु ।

घ. **प्रा. शि. तथा व्या. ता. परिषद् परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर-** बाँकी सम्पुर्ण जिल्लाका शिक्षण संस्थाहरु ।

१३. यो सूचना, रजिष्ट्रेशन फाराम र फाईलिंग सम्बन्धी कार्य सूची (check list) परिषद्को **Web Site www.ctevt.org.np** मा उपलब्ध हुनेछ ।

**परीक्षा नियन्त्रक**